तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।०७।०१ गतेको ३६ औं बैठकका निर्णयहरुः

**तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।०७।०१ गतेको ३६ औं बैठकका निर्णयहरुः**

१. तिनाउ गाउँपालिकाले शुरुवात गरेको बुटवलमा स्थापना भएको कृषि उपज संकलन केन्द्रमा कृषि उत्पादनलाई संकलन र व्यवस्थापन गर्न सफ्टवेयरको व्यवस्था गरी सफ्टवेयर सञ्चालनको लागि उपयुक्त हुने १ जना जनशक्ति भर्ना गरी सञ्चालन गर्ने निर्णय गरियो । यस कार्यको व्यवस्थापन गर्न गाउँपालिकाले शुरुमा रु. ३ लाखको एक कृषि उपज संकलन तथा व्यवस्थापन कोष स्थापना गरी सञ्चालन गर्ने निर्णय गरियो ।

२. तिनाउ कृषि उपज संकलन केन्द्रमा २०८० असार मसान्त सम्म संकलन भएको कृषि उपजको तथ्याङ्कको आधारमा कृषकबाट कृषि उपज संकलन केन्द्रले खरिद गरेको खरिद मूल्यको १०% रकम कृषकहरुलाई उत्पादनमा आधारित अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

३. सामूदायिक रेडियो मदनपोखरा (सारेम) पाल्पासँग रेडियो कार्यक्रम उत्पादन र प्रशारण गर्न गत आर्थिक वर्षको सम्झौता रकम भन्दा नबढाई सम्झौता गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

४. नेपाल इन्टरनेशलन तेक्वान्दो महासंघको दोस्रो प्रोफेश्नल प्रदेश स्तरिय आइटिएफ तेक्वान्दो प्रतियोगिता सञ्चालन गर्न रु. १०,०००।- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

५. आर्थिक वर्ष २०८०/८१ मा मिनिटिलर खरिद गरी वितरण गर्न तपशिल अनुसारको मापदण्ड तोक्ने निर्णय गरियो ।

- व्यक्तिको हकमा व्यवसायिक खेतीगरेको हुनु पर्नेछ ।
- कृषि समुह /कृषि सहकारीलाई प्राथमिकता दिइनेछ ।

**आवश्यक कागजात :-**

**व्यक्तिको हकमा**

- नागरिकताको प्रतिलिपि थान १
- जग्गाको लालपुर्जाको प्रतिलिपि थान १
- तिरो तिरेको रशिद थान १

**समुह/सहकारीको हकमाः-**

- निर्णय प्रतिलिपि थान १
- नविकरण भएको दर्ता प्रमाण पत्रको प्रतिलिपि थान १
- कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि थान १

**तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।०७।०१ गतेको ३६ औं बैठकका निर्णयहरुः**

**ऐलानी जग्गामा खेति गरेको हकमा :-**

- नागरिकताको प्रतिलिपि थान १
- खेति गरेको क्षेत्रफल खुल्ने वडाको सिफारिस थान १

६. थानीडाँडा माध्यमिक विद्यालयको भूईं बसाइ व्यवस्थापन अनुगमन गरी गर्ने निर्णय गरियो ।

७. अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी) लाई रु. ८,०००।— आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

८. तिनाउ गाउँपालिकाको वडा नं. २ को श्री दोभान माध्यमिक विद्यालयमा मिति २०८०।०६।१० गते अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनको संगठन विस्तारको कार्यक्रम भएको विषयमा विद्यालयका प्रधानाध्यापकलाई स्पष्टिकरण सोधिएकोमा प्रधानाध्यापक श्री सूर्य प्रसाद पौडेलले उक्त कार्यक्रम गर्न माग गरिएको विषयमा सरोकारवालहरुसँग सोधपुछ गर्न लाग्दा कक्षा कोठामा प्रवेश गरी कार्यक्रम गरेको र निजले उक्त घटना हुन नदिन आफ्नो काबु बाहिरको परिस्थितीको कारणले नसकेको भनी स्पष्टिकरण पेश गरेकोले अब आइन्दा कुनै पनि माध्यामिक विद्यालयहरुमा यस प्रकारका संगठन विस्तारका कार्यक्रमहरु हुन नदिन सबै विद्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

९. परिवर्तनका लागि कार्यरत महिला समूह (वाच) ले यस गाउँपालिकाको वडा नं. २ र ३ मा महिला हक अधिकार, कृषि र स्वास्थ्य सम्बन्धि गर्न लागेको कार्यक्रम र उक्त कार्यक्रको लागि कार्यरत कर्मचारीहरुको बारेमा जानकारी प्राप्त भयो।

१०. तिनाउ गाउँपालिकाको शिक्षा ऐन, २०७६ को दफा ४३ को उपदफा (ख) बमोजिम दुवै विद्यालयहरुको व्यवस्थापन समितिहरुको निर्णयको आधारमा श्री देवी प्राथमिक विद्यालय, तिनाउ-६, काशीभञ्याङ्ग, पाल्पामा प्रा.वि. तह, तृतीय श्रेणीमा कार्यरत शिक्षक श्री भेष बहादुर कार्कीलाई श्री थानीडाँडा माध्यमिक विद्यालय, तिनाउ-२, बगाहा, पाल्पामा रिक्त रहेको प्रा.वि. तह, तृतीय श्रेणीको दरबन्दीमा तलब भत्ता सरुवा भएकै विद्यालयबाट पाउने गरी सरुवा गर्ने निर्णय गरियो ।

११. गाउँपालिकाको वडा नं. २ मा सञ्चालनमा रहेको नागरिक आरोग्य केन्द्रमा कार्यरत कार्यालय सहयोगी श्री भिम बहादुर घर्तिमगरलाई ज्यालादारीमा काम लगाई निजले पाउने पारिश्रमिक यस गाउँपालिकाको आयुर्वेद सेवा कार्यक्रम शिर्षकबाट नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो ।

**तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।०७।०१ गतेको ३६ औं बैठकका निर्णयहरुः**

१२. यस गाउँपालिकाको झुम्सा खोला र दोभान खोलाको सम्भावित क्षेत्रबाट प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी नियमानुसार नदीजन्य पदार्थ उत्खनन गर्ने निर्णय गरियो ।

१३. गाउँपालिकाको विपद् व्यवस्थापन समितिको मिति २०८०।०७।०१ गतेको बैठकका निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

१४. सन्देश मुलक सूचना प्रशारण ३००० देखि ५००० सम्म सूचनाको साइजको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

१५. यस गाउँपालिकाको वडा नं. १ को अनंनठा क्षेत्रमा २०८० सालको वर्षातको कारणले क्षती भएको खानेपानीको निर्माण गरी एक घर एक धाराको जडान गरी खानेपानी सुचारु गर्न रु.२,२०,०००।- विपद् व्यवस्थापन कोषबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

१६. गाउँपालिकाले २०८० असोज महिनामा भएका कार्यापालिकाका निर्णयहरुको बारेमा छलफल गरी समिक्षा गरियो ।

१७. गाउँपालिकाका सबै वडाहरुबाट हुने सेवा प्रवाहलाई प्रभावकारी र उत्तरदायी बनाउन अध्ययन गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

१८. यस गाउँपालिकाबाट सूचनाको हक प्रयोग गरी तिनाउ गाउँपालिका वडा नं. ३ निवासी श्री विशाल कुँवरले माग गरी लिएको सूचनाको दुरुपयोग भएको पाइएकोले निज श्री विशाल कुँवलरलाई एक पटकलाई सचेत गराउने निर्णय गरियो ।